# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

## प्रेस नोट

२०७६ पुस ८

## मौलिक हक कार्यान्वयन सम्बन्धमा नेपाल सरकारलाई आयोगको सिफारिस

राष्ट्रिय मानव अधिकार आयोगले नेपालको संविधानमा व्यवस्थित मौलिक हकहरूको कार्यान्वय सम्बन्धमा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई तपसिल बमोजिमको सिफारिस गरेको छ ।

तपसिल

मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको ७० वर्ष पूरा भएको सन्दर्भमा यस आयोगले नेपालको संविधानमा व्यवस्थित मौलिक हकहरूको कार्यान्वयनमा केन्द्रीत रही संघ र सात वटै प्रदेशहरूका राजधानीमा क्रमशः नेपाल सरकारका मन्त्रीज्यूहरू, प्रदेश सरकारका मुख्यमन्त्री/मन्त्रीज्यूहरू, सभामुख/उपसभामुखज्यूहरू, प्रदेश सभाका सांसदज्यूहरू, मानव अधिकारकर्मी, नागरिक समाज, पेशागत संघसंगठनका प्रतिनीधिज्यूहरू समेत गरी करिब ८५० जनाको उपस्थितिमा "मौलिक हक कार्यान्वयनमा संसद र सरकारको भूमिका" विषयक छुट्टाछुट्टै छलफल कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रमहरूमा मौलिक हक कार्यान्वयन सम्बन्धमा व्यापक छलफल भई संघ र प्रत्येक प्रदेशमा छुट्टाछुट्टै साझा प्रतिबद्धता समेत व्यक्त भएका छन् । कार्यक्रममा व्यक्त भएका साझा प्रतिबद्धता एवं छलफल पश्चात् प्राप्त सुझावहरूको आधारमा मौलिक हक कार्यान्वयन सन्दर्भमा विधायिका, कार्यपालिका र नागरिक समाजबाट समेत भूमिका निर्वाह गर्नुपर्ने अवस्था देखिएको छ । सोही सन्दर्भमा यस आयोगको मिति २०७६/५/२६ गतेको निर्णय अनुसार मौलिक हक कार्यान्वयनको सन्दर्भमा नेपाल सरकारबाट तपसिलमा उल्लेख भएबमोजिमका कार्य हुन उपयुक्त देखि सिफारिस गरी पठाइएको व्यहोरा अनुरोध छ ।

**सिफारिसहरू**

१. मौलिक हक कार्यान्वयन सम्बन्धमा पारित ऐनहरूमा रहेका त्रुटिहरूलाई आयोग तथा अन्य सरोकारवाला निकायहरूको सहभागितामा मानव अधिकारका अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल संशोधन गर्ने प्रक्रिया अगाडि बढाउन ।

२. मौलिक हक कार्यान्वयन सम्बन्धमा जारी भएका ऐनहरूको पूर्ण कार्यान्वयनको लागि नियमावली र निर्देशिकाहरू समेत निर्माण गरिनु पर्ने देखिँदा सरोकारवालाहरूको परामर्श र सहभागितामा निर्माण गर्न ।

३. केही मौलिक हकहरूको पूर्ण रूपमा कार्यान्वयनको सुनिश्चितताका लागि पर्याप्त स्रोत र साधनको आवश्यकता पर्ने देखिँदा त्यसको लागि पञ्चवर्षीय योजना, वार्षिक कार्य योजना र रणनीतिक योजनाहरू मार्फत प्राथमिकताका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गरी प्रभावकारी कार्यान्वयन गर्न ।


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal

Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org

४. मौलिक हकका बिषयमा पर्याप्त जानकारी प्रवाह हुन नसक्दा पनि सम्बन्धित तहहरूमा पर्याप्त अन्यौलता रहेको हुँदा अन्यौलता अन्त्यको लागि सङ्घ, प्रदेश र स्थानीय तहका तर्फबाट व्यापक सचेतना कार्यक्रम सञ्चालन गर्न ।

५. संविधानसँग बाझिएका कानूनहरू समयमा संशोधन नभएका कारण अति आवश्यक स्वास्थ्य, शिक्षा तथा सुरक्षासंग सम्बन्धित विषयमा योजना तर्जुमा र कार्यान्वयनको लागि प्रदेश तथा स्थानीय तहमा कठिनाई रहेको पाइएको हुँदा त्यस्ता कानुनहरूको निर्माण तथा संशोधन प्रक्रिया व्यवस्थापिका संसद् समक्ष अगाडि बढाउन ।

६. प्रत्येक प्रदेशबाट आएका प्रतिबद्धताहरू पूरा गर्न पर्याप्त श्रोत तथा दक्ष जनशक्तिको आवश्यकता पर्ने हुँदा त्यसको लागि यथासिघ्र आवश्यक जनशक्तिको व्यवस्था गर्दै प्रदेश तथा स्थानीय तहले आफूले गर्न सक्ने कर्मचारी वा विशेषज्ञ भर्नाको लागि मार्ग प्रशस्त गर्न ।

७. कर्मचारीहरूको अभावमा प्रदेश तथा स्थानीय तहहरूले प्रभावकारी काम गर्न नसकेको हुँदा तत्काल त्यसको व्यवस्था गर्न ।

८. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयनका लागि योजनाबद्ध ढङ्गबाट श्रोतको उच्चतम प्रयोग गरी अल्पकालीन तथा दीर्घकालीन योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न ।

९. दण्डहीनताको प्रवृत्ति अन्त्य गर्न निश्चित मापदण्ड तयार गरी दण्डहीनता अन्त्य गर्न सरकार जवाफदेही र कानुनी शासन प्रति प्रतिबद्ध रहेको कुरा व्यवहारमा लागु हुन ।

१०. मौलिक हक कार्यान्वयनमा विधायिका र कार्यपालिकाको भूमिका मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा (यूपीआर), राष्ट्रसङ्घीय समाधिक्षक तथा विभिन्न सन्धिजनित समितिहरूको सिफारिस कार्यान्वयन गर्नको लागि अल्पकालीन तथा दीर्घकालीन योजना बनाई कार्य गर्न ।

११. विश्वव्यापी आवधिक समीक्षा (यूपीआर), राष्ट्रसङ्घीय समाधिक्षक तथा विभिन्न सन्धिजनित समितिहरूको सिफारिस कार्यान्वयन गर्नको लागि अल्पकालिन तथा दीर्घकालीन योजना बनाई मानव अधिकार आयोग तथा नागरिक समाजसंग सहकार्य गरी अगाडि बढ्न ।

१२. हालसम्म बनेका अधिकांश भौतिक संरचनाहरू मानव अधिकारमुखी विकास पद्धतिबाट सम्पन्न हुन नसकेको देखिंदा अब बन्ने संरचनाहरू सहभागीतामूलक ढङ्गबाट मानव अधिकार मैत्री प्रक्रिया अपनाई निर्माण गर्न ।

१३. कानून, नीति तथा योजना तर्जुमा गर्दा सबै तहमा सरोकारवालाहरूसँग आवश्यक छलफल र परामर्श गरी उनिहरूका सरोकारको सम्बोधन गर्दै त्यस ता कानून, नीति तथा योजनामा अपनत्व हुने वातावरण निर्माण गर्न ।

१४. सङ्क्रमणकालीन न्यायको निम्ति गठन भएका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगहरू र सम्बन्धित कानूनको प्रभावकारीतामा संवेदनशील रूपमा प्रश्नहरू उठिरहेको अवस्था र ती आयोगहरूको अवधि समेत समाप्त भएको अवस्थामा सङ्क्रमणकालीन न्यायको प्रभावकारी व्यवस्थाको लागि तत्काल कानून संशोधन गरी पीडितलाई सन्तुष्ट हुनेगरी मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड र सर्वोच्च अदालतको आदेश बमोजिम यथाशीघ्र कार्य गर्न ।

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

१५. हालसम्म राष्ट्रिय मानव अधिकार आयोगले गरेका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन नभएकोले राज्यको मानव अधिकारको संरक्षण, सम्मान र परिपूर्ति प्रतिको दायित्वमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा प्रश्न चिन्ह उठिरहेकोले आयोगका सिफारिसहरूको प्रभावकारी कार्यान्वयनको लागि स्थायी रणनीति र योजनाहरू तर्जुमा गरी इमान्दारीताका साथ कार्यान्वयन गर्न ।

१६. नागरिक समाज, मानव अधिकारकर्मी तथा सञ्चार जगतको स्वतन्त्रता र पेशागत मर्यादाको सम्मान गर्दै आवश्यकता अनुसार हातेमालो गर्ने वातावरणको निर्माण गर्न ।

१७. उपयुक्त स्थान र पदका लागि उपयुक्त व्यक्तिलाई क्षमता र दक्षताका आधारमा जिम्मेवारी दिने प्रचलनको विकास गर्न ।

१८. राज्यको हरेक निकायमा समानुपातिक तथा समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गराउने, कमजोर वर्गको निम्ति सकारात्मक विभेदका आधारमा प्रतिनिधित्व र क्षमता विकासको सुनिश्चितता गर्न ।

१९. नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दा मौलिक हक कार्यान्वयनका विषयहरूलाई उच्च प्राथमिकता दिन ।

२०. अपराध अनुसन्धानमा भएका कमी कमजोरीहरूका कारणले राज्यको अनुसन्धान निकाय प्रतिको विश्वासमा कमी आउन सक्ने अवस्था हुन नदिने व्यवस्था हुन आवश्यक छ । मानव अधिकारका उल्लङ्घन तथा ज्यादतीकर्ता (पीडक) लाई कानून बमोजिम कारवाही गर्न नसकिएका कारणले सिर्जना भएको दण्डहीनताको प्रवृत्तिको अन्त्य गर्नको लागि निश्चित मापदण्ड र पद्धतिको विकास गर्दै राज्य नागरिकप्रति जवाफदेही छ भन्ने कुरा व्यवहारतः पुष्टि गर्न सबै तहका सरकारहरूबाट जवाफदेहिता लिई प्रभावकारी मापदण्डको विकास गरी, भ्रष्टाचारको अन्त्य र कानूनी शासन व्यवहारिक रूपमै देखिने गरी लागु गर्न ।

२०७६।१३।८

वेद भट्टराई
सचिव/प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org